# लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति
# २०७९

प्रमाणिकरण मितिः

## दोधारा चादनी नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## कंचनपुर

## संक्षिप्त शव्दावली

| | | |
|---|---|---|
| लैससास | : | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| गा.पा. | : | गाउपालिका |
| न.पा. | : | नगरपालिका |
| CEDAW | : | Convention on the Elimination of All Forms of Discrimination Against Women |
| CRC | : | Child Rights Convention |
| BPFA | : | Beijiing Platform of Action |

# बिषय सूची


दोधारा चादनी नगरपालिकाको लैङ्गिक समानता तथा समाजिक समावेशिकरण रणनीति ........................................... ३

१.पृष्ठभूमी / ........................................................................................... ३

२.प्रयास बिगतका व्यवस्था र वर्तमान स्थिति: .................................................Error! Bookmark not defined.

३ . लैससास सम्बन्धमा प्रमुख रुपमा देखिएका मुख्य सवालहरु, सबल पक्ष्, कमजोर ........................................... ३

पक्ष चुनौती र अवसरहरु: .............................................................................. ३

**(क)महिलाका सवालहरु**: ........................................................................... ४

**ख) लैङ्गिक समानता तथा समाजिक समावेशिकरण रणनीति**: ............................................... ४

**(ग) बालबालिकाका सवालहरु**......................................................................... ४

**(घ) ज्येष्ठ नागरिकका सवालहरु** ..................................................................... ४

**(ङ.)अति बिपन्न समुदायका सवालहरु**

............................................................................................ ४

३.१ दोधारा चादनी नगरपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती (SWOT Analysis) बिश्लेषण:............... ४

४ .लैससास नीति तर्जुमाको आवश्यकता तथा महत्व:........................................................ ५

५ .दीर्घकालिन सोच: ................................................................................. ५

६ . लक्ष्य : .......................................................................................... ६

७ .उद्देश्य: .......................................................................................... ६

८ लैससास नीतिका अपेक्षित उपलब्धिहरु:................................................................ ६

९. रणनीतिको कार्यान्वयनमा आउन सक्ने सम्भावित जोखिम तथा न्यूनीकरणका उपायहरु:........................................... ८

९, ९,(क) उपर्युक्त जोखिम न्यूनीकरण लागि देहाय अनुसार गरिनेछ:

: ............................................................................................ ८

१०..लैससास नीति कार्यानिवयन को लागि कार्ययोजना:..................................................... ८

११ .लैंगिक समानता तथा सामाजिक समावेसीकरण नीतिको .कार्यानिवयन समिति:...................................... १०

अनुसूची ............................................................................................ १०

(क)लैससास सम्बधी परिभाषा:.......................................................................... १०

१.लैससास भन्नाले: ................................................................................... १०

(ख) कार्यदलको नामावली:.............................................................................. ११

लैंगिक समानता तथा सामाजिक समावेसीकरण नीति तर्जुमा गर्न तपसिल बमोजिमको कार्यदल गठन गरिएको थियो :- ............ ११

२.लैससास नीति तर्जुमाको फोटोहरु........................................................................ १२

# दोधारा चादनी नगरपालिकाको लैङ्गिक समानता तथा समाजिक समावेशिकरण रणनीति
## २०७९

### १.पृष्ठभूमी / परिचय

नेपालको संबिधानले लैंगिक विभेदको अन्त गर्ने संकल्प सहित महिलालाई लैंगिक भेदभावबिना राज्यका सबै निकायमा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा सहभागी हुने हक लगायत मौलिकहकको प्रत्याभूति गरेको छ ।विविध कारणले पछी पारिएका कमजोर,लोपोन्मुख एवम् सीमान्तीकृत वर्गका समुदायको प्रगति एवं विकास हुन नसकी उनीहरु सधै पछी परिरहने सम्भावना रहिरहने भएकाले समन्यायको आधारमा त्यस्ता कमजोर र पछी परेका वर्गको उत्थानमा राज्यले पर्याप्त ध्यान दिई असमान अवस्थामा रहेकालाई समान अवस्थामा पुर्याउनुपर्ने अवधारणा विश्वभर बिस्तार हुदै गैरहेको छ । नेपालको संविधानले दिशा निर्दिस्ट गरे वमोजिम समतामूलक समाजको निर्माण गर्न यस दोधारा चादनी नगरपालिका र यस अन्तरगतका निकायहरुमा सबै वर्ग ,जात जाती ,लिङ्ग र क्षेत्र लाई समाबेशिकरणको मान्यता अनुरुप सहभागी गराइ समाजिक समावेशिकरणका सवालहरु लाई नीतिगत तथा कानूनीरुपमा थप व्यवस्थित गर्न आवश्यक छ ।

मुलुकले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणली अवलम्बन गरेको सन्दर्भमा दोधारा चादनी नगरपालिकाका सम्बद्ध बिषयगत क्षेत्र र अन्तरगत सञ्चालन हुने सबै योजना तथा कार्यक्रमहरु लाई समावेसीमैत्री बनाउन यो लैससास नीति२०७९ लागु गरिएको छ ।

## २.प्रयास बिगतका व्यवस्था र वर्तमान स्थित

यस पालिकामा रहेका विभिन्न तहका सामुदायिक विद्यालयहरू, सहकारी संस्थाहरू, सामुदायिक वन उपभोक्ता समिति, स्थानीय युवा क्लब, आमा समूह, बचत तथा स्वावलम्वन समूहहरूमा महिलाहरु क्रियाशील रहेको पाइन्छ । विकासमा महिलाहरूको सामाजिक आर्थिक सशक्तिकरणका लागि महिला विकास शाखा मार्फत बिभिन्न सीपमुलक, आयमुलक कार्यक्रमको सुरूवात गरिएको छ । समाजमा व्याप्त लैंङ्गिक असमानतालाई सम्बोधन गर्न पालिकाबाट महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने, लैंङ्गिक समानता र महिला सशक्तिकरणका लागि कार्ययोजना बनाउन लगाई सोहि अनुसार कार्यक्रम संचालन भइरहेका छन् ।

नेपाल सरकारद्वारा महिला, किशोरी तथा बालबालिकाको समग्र विकासका लागि वि.सं. २०६४ देखि लैंङ्गिक उत्तरदायी बजेट सुरु गरियो। यस पालिकामा पनि पहिलो स्थानीय निर्वाचन पछी लैंङ्गिक समानता कायम गर्न, महिलाको हित संरक्षण गर्न र महिला सशक्तिकरण एवं महिलालाई राष्ट्रिय मूल प्रवाहमा समाहित गरी महिलाको हित संरक्षण गर्न लैंङ्गिक समानताका मान्यता अनुरुप पर्याप्त नभए पनि लैंगिक उत्तरदायी बजेटको व्यवस्था गरिदै आएको छ ।यसका साथै गत वर्ष देखि लैससास परिक्षण गरिदै आएको छ ।

## ३ .लैससास सम्बन्धमा प्रमुख रुपमा देखिएका मुख्य सवालहरु, सबल पक्ष, कमजोर पक्ष चुनौती र अवसरहरुः

यस नगरपालिकामा महिला लगायत पछाडी पारिएका बर्ग समुदायहरु लक्षित समुदायका वारेमा छलफल गर्दा यस पालिकाको सबै वडाहरुमा लक्षित समूह छरिएर रहेको पाइन्छ । लक्षित समूह र तिनका मुख्य सवालहरु निम्न बमोजिम उल्लेख गरिएको छः-

**(क)महिलाका सवालहरुः**

- घरेलु हिंसा, बालात्कार तथा यौनजन्य दुर्व्यवहार, लैंगिक बिभेद, सामाजिक असमानता लगायतका कुरीतिहरु अझै पनि कायम रहनु ।
- गर्ववती महिलालाई स्वास्थ्य सेवा सम्वन्धी सूचनामा पहुँच तथा पोषण सम्वन्धी जानकारी नहुदा स्वास्थ्यको जोखिममा पर्नु ।
- नीति निर्माण तहमा अर्थपूर्ण सहभागिता न्यून रहनु र नेतृत्व तहमा महिलाको सहभागितालाई सहजै स्विकार गर्न नसक्नु ।
- सबै सार्वजनिक स्थानमा स्तनपान कक्ष नहुनु ।
- एकल महिला, अपांगता, असाह्य महिलाहरुलाई सेवामा समान अवसरबाट बञ्चित हुनु ।

(ख) **अपांगता भएका व्यक्तिहरुका सवालहरु :**

- अपांगता मैत्री संरचना नहुदा सार्वजनिक स्रोत तथा सेवामा सहज पहुँच नहुनु ।
- अपांगता भएका महिला, बालिका, किशोरीहरु यौनजन्य शोषण तथा दुर्व्यवहार र बालात्कारको शिकार बन्नु ।

**(ग) बालबालिकाका सवालहरु**

- बाल यौन दुरब्यबहार तथा श्रम शोषण लगायतका बिभेद जन्य कार्य हुनु ।
- बालविवाह कायमै रहनु र कम उमेरमा बच्चा जन्मिनु बच्चाको जन्म दर्ताको समस्या ।
- बालमैत्री संरचना /व्यवहार /खेल मैदान /बालउद्यान नहुनु ।

**(घ)ज्येष्ठ नागरिकका सवालहरु**

- परिवार तथा समाजबाट अपहेलित र एक्लै बढी समय बिताउनु पर्दा मानसिक समस्या हुने ।
- जेष्ठ नागरिकको सूचना तथा स्रोतमा पहुँच कमि ।
- ज्येष्ठ नागरिक माथि अपमानजनक ब्यबहार हुने ।

**(ङ.)अति बिपन्न समुदायका सवालहरु**

- मुख्य पेशा ज्यालामजदुरी वाट जीवन निर्वाह गर्न बाध्य ।
- रोजगारीको लागि प्रायः भारत पलायन हुनु ।
- गरिवीका कारण उच्च शिक्षा, स्वास्थ्य र रोजगारबाट बञ्चित ।
- सुचनामा पहुँच नपुग्दा पालिका तथा वडाबाट संचालित योजना लगायत सेवा सुबिधामा पहुँच नहुनु।

## ३.१ दोधारा चादनी नगरपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती (SWOT Analysis) बिश्लेषणः

दोधारा चादनी नगरपालिकाले लैंगिक समानता तथा सामाजिक समाबेशीकरण क्षेत्रमा गरेका सकारात्मक अभ्यासहरु, कमजोर पक्षहरु, अवसर र बाधाहरु पहिँचान तथा बिश्लेषण गरी सुधार गर्नुपर्ने पक्षहरुलाई रणनीतिक कार्ययोजनामा समाबेश गरिएको छ । त्यसैगरी लैससास क्षेत्रमा यस पालिकाले अवलम्बन गर्न सक्ने अवसरहरुलाई स्थानीयकरण गर्दै चुनौतीहरुको सामना गर्न यस रणनीतिक योजनाले मार्गनिर्देश गरेको छ । यस नगरपालिकाको **(SWOT Analysis)** निम्न तालिकामा प्रस्तुत गरिएको छः-

| सवल पक्ष | कमजोर पक्ष |
|---|---|
| • लैससास सम्पर्क व्यक्ति तोकी परिचालन गरिएको छ ।<br>• जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यान्वयन भएको । | • सबै सार्वजनिक निकायमा लैससास मैत्री पुर्वाधार नभएको।<br>• लैससास सम्बन्धि गुनासो सुनुवाई संयन्त्र नभएको ।<br>• लैससास सम्वन्धी एकिकृत नीति नहुनु ।<br>• लैगिक उत्तरदायि बजेट कार्यन्वयन भए नभएको विश्लेषण हुने |

| | |
|---|---|
| • अपाङ्गता परिचय पत्र वितरण गरिएको छ ।<br>• न्यायिक समितिको कार्यविधि छ ।<br>• बार्षिक रुपमा लैससास परिक्षण शुरुवात भएको छ ।<br>• लैससास कार्यन्वयनमा पालिका अन्तरगतका शाखाहरु विच समन्वय र सहकार्य छ ।<br>• मेलमिलाप कर्ताको व्यवस्था भएको छ । | गरेको छैन ।<br>• स्तनपान कक्षको उचित व्यवस्थापन छैन।<br>• पालिका लगायत सबै सार्वजनिक निकायमा लैगिक मैत्री शौचालय र स्यानीटरी प्याडको व्यवस्था हुनु पर्ने ।<br>• लैससास दृष्टिले अनुगमन मूल्याङ्कन गरि प्रभाव विश्लेषण सहितको प्रतिबेदन तयार नहुनु र सोको आधारमा वार्षिक नीति तथा कार्यक्रम तयार नहुनु । |

| अवसर | चुनौती |
|---|---|
| • लक्षीत समूह संजाल मार्फत योजना माग गरी कार्यान्वयनमा लैजान सकिने ।<br>• टोलविकास संस्था गठन गरी परिचालन गर्न सकिने ।<br>• संघ प्रदेश तथा स्थानीय तहको सहयोग समन्वय हुन सक्छ । | • लैंगिक हिंसा तथा जातीय बिभेदको अन्त्य हुन् नसक्नु ।<br>• योजना तर्जुमा प्रक्रियामा लक्षित समुदाय वर्ग, क्षेत्र लिङ्ग को अर्थपुण सहभागिताको सुनिश्चितता ।<br>• अन्तर पुस्ता विचको सम्बन्धमा फरक ।<br>• बाल विवाह कायमै रहनु । |

## ४ . लैससास नीति तर्जुमाको आवश्यकता तथा महत्वः

विभिन्न जातजाति, भाषाभाषी, धर्म, बर्ण र लिङ्गका आधारमा विभिन्न विविधता भएका समुदाय र वर्गको बसोबास रहेको दोधारा चादनी नगरपालिकामा सबै वर्ग र समुदायको पालिका तहका हरेक संरचना, तह र बहुआयामिक पक्षहरुमा लैङ्गिक तथा सामाजिक समावेशीकरण हुनु अत्यन्तै आवश्यक रहेको छ । समाजमा स्थापित मानवीय मुल्य र मान्यता विपरित विकृत संस्कार, परम्परा तथा ब्यवहारको रुपमा मानव मानव बिचमा जातीय, धार्मिक, साँस्कृतिक, भौगोलिक तथा अन्य रुपमा विभिन्न प्रकारका विभेद तथा असमानताहरु सँगसँगै बढ्दै गएर विभिन्न नाम र बाहानामा यस्ता असमानता र विभेद समाजको एक अभिन्न अङ्ग बन्न पुगेको छ ।लैङ्गिकतामा आधारित हिंसाहरु जस्तो घरेलु हिंसा, बालविवाह, छाउपडी, मानव बेचविखन, जस्ता घटनाहरु पनि यस पालिकामा कहिलेकाही हुने गरेका छन । स्थापित मानवीय मुल्य र मान्यता विपरितका यस्ता विभेद तथा असमानताहरुको अन्त नभएसम्म समतामुलक तथा न्यायिक समाजको निर्माण हुन सक्दैन भन्ने मान्यतालाई आत्मसाथ गर्न्दै समाजमा ब्याप्त रहेका विविध प्रकारका विभेद, असमानता तथा पछाडी परेका वर्ग र समुदायको मुल प्रवाहिकरण गर्ने अभिप्रायका साथ यस पालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीतिगत प्राबधानहरुको तर्जुमा गर्नु अत्यन्तै आवश्यक रहेको छ ।यसका साथै देहायका कारणले पनि नीति बनाउन आवश्यक छः-

(क) सम्विधानले परिकल्पना गरेको समानुपातिक,समावेशी शासन व्यवस्थाको प्रवर्धन गर्न ।

(ख) समावेशीकरण सम्वन्धी नीतिगत एकरुपता कायम गर्न ।

(ग) पालिकाले तर्जुमा गर्ने नीति, कानुन, संरचना, योजना, कार्यक्रम तथा योजनाका सबै चरणमा पछाडी पारिएका बर्गको अर्थपूर्ण सहभागिता तथा लाभको वितरणमा समान पहुच र नियन्त्रणको सुनिश्चितता गर्न ।

(घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरेका गरेका प्रतिबद्दताहरुको दायित्व पुरा गर्न ।

## ५. दीर्घकालिन सोचः

न्यायपूर्ण तथा समतामुलक समाज निर्माणमा अर्थपूर्ण सहभागीता ।

## ६ . लक्ष्य :

नगरपालिका क्षेत्रमा रहेका महिला, वालवालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, सिमान्तिकृत वर्ग तथा समुदायका व्यक्तिहरुलाई पालिका तहका बहुआयामिक पक्षहरुमा मूलप्रवाहीकरण र आन्तरिकिकरण गर्दै यसको संस्थागत सुदृढीकरण गर्ने ।

## ७ .उद्देश्यः

- आर्थिक, सामाजिक रुपले पछाडी परेका व्यक्ति, समुदायको सशक्तीकरण गरी समतामूलक विकासको माध्यमबाट बिकासका समग्र क्षेत्रमा पहुच तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
- समाजमा बिद्यमान सबै प्रकारका बिभेद तथा लैंगिक हिंसा बिरुद्ध शुन्य सहनशिलता अबलम्बन गर्ने।
- लैंगिक बिभेद, लैंगिक हिंसा, घरेलु हिंसा, सामाजिक असमानता तथा जातीय छुवाछुत, बोक्सी प्रथा लगायतका गलत सामाजिक अभ्यास र कुरीति अन्त्य गर्ने ।
- बालश्रम, बाल बिबाह, बाल यौनशोषण लागायत बालबालिका माथि हुने सबै प्रकारका बिभेद र शोषणको अन्त्य गर्ने।

## ८ लैससास नीतिका अपेक्षित उपलब्धिहरुः

८.१. समाजमा वञ्चितिकरणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जातजाती र समुदायको पहिचान भई बिकासको मूलप्रबाहमा पहुँच सुनिश्चित भएको हुनेछ ।

८.२. बालश्रम, बाल बिबाह, बाल यौन शोषण लागायत बालबालिका माथि हुने सबै प्रकारका बिभेद र शोषणको अन्त्य भएको हुनेछ ।

८.३. लैंगिक बिभेद, लैंगिक हिंसा, घरेलु हिंसा, सामाजिक असमानता तथा जातीय छुवाछुत लगायतका गलत सामाजिक अभ्यास र कुरीति अन्त्य भएको हुनेछ ।

८.४. अति विपन्न तथा पछाडी परेका बर्ग समूहको आर्थिक शसक्तिकरण भएको हुनेछ ।

८.५. लैससासमैत्री कार्यप्रणाली र लैङ्गिक उत्तरदायि बजेट कार्यान्वयनमा आएको हुनेछ ।

## ८.नीति रणनीति तथा कार्यनीतिः

| नीति | रणनीति | कार्यनीति |
|---|---|---|
| १.आर्थिक, सामाजिक रुपले पछाडी परेका व्यक्ति, समुदायको सशक्तीकरण गरी समतामूलक विकासको माध्यमबाट बिकासका समग्र क्षेत्रमा पहुच तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने | • लैंगिक बिभेद, लैंगिक हिंसा, घरेलु हिंसा, सामाजिक असमानता तथा जातीय छुवाछुत लगायतका गलत सामाजिक अभ्यास र कुरीति अन्त्य गर्ने ।<br>• बालश्रम, बाल बिबाह, बाल यौनशोषण लागायत | १) पालिका क्षेत्रभित्र रहेका महिला, एकल महिला लगायत वञ्चितिकरणमा परेका समूहलाई विशेष प्राथमिकताको आधारमा उद्यमशिलता मार्फत स्वरोजगार बनाई उनीहरुको जिविकोपार्जनमा सुधार गर्ने र यसकालागी बजेट सुनिश्चित |

| | | |
|---|---|---|
| | बालबालिका माथि हुने सबै प्रकारका बिभेद र शोषणको अन्त्य गर्ने।<br>• समाजमा बिद्यमान सबै प्रकारका बिभेद तथा लैंगिक हिंसा बिरुद्ध शुन्य सहनशिलता अबलम्बन गर्ने। | गर्ने ।<br>२) पालिकाको योजना तर्जुमा गर्दा बिपन्न एबं सामाजिक रुपले पछाडी परेका समुदायको सहभागिता बढाउन जनचेतना तथा क्षमता बिकासका कार्यक्रम संचालन गर्ने । |
| २.लैंगिक बिभेद, लैंगिक हिंसा, घरेलु हिंसा, सामाजिक असमानता तथा जातीय छुवाछुत, बोक्सी प्रथा लगायतका गलत सामाजिक अभ्यास र कुरीति अन्त्य गर्ने | • लैससास सम्बन्धी राष्ट्रिय कानुन तथा नीति र अन्तराष्ट्रिय प्राबधानहरुको स्थानीयकरण गर्ने । | १.मानवअधिकार सम्वन्धि अन्तर्राष्ट्रिय कानून, सन्धी, महासन्धी र सम्झौताहरुको वारेमा पालिकाका जनप्रतिनिधि, टोल विकास संस्थाका पदाधिकारी लगायत कर्मचारीहरुमा व्यापक जानकारी गराउने ।<br>२. महिला, बालबालिका र मानवअधिकार सम्वन्धी निर्माण गरिएका राष्ट्रिय कानूनहरु र नेपाल सरकारद्धारा विभिन्न समयमा प्रतिबद्धता जनाएका मानवअधिकार, CEDAW, CRC, BPFA लगायतका अन्तराष्ट्रिय सन्धी, महासन्धी र घोषणापत्रका बारेमा वडा तथा समुदाय तहमा सचेतनामुलक अभियानका कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>३. संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदबाट पारित गरिएको प्रस्ताव नं. १३२५ र १८२० सम्वन्धी विषयमा जनप्रतिनिधि लगायत सबै कर्मचारीहरु र समुदायस्तरमा अभिमूखीकरण गर्ने।<br>४. कार्यस्थलमा हुने यौनजन्य दुव्र्यवहार (निवारण) ऐन, २०७१ मा भएका प्रावधानहरुको बारेमा पालिकाका जनप्रतिनिधि लगायत कर्मचारी तहमा व्यापक जानकारी गराई यौनजन्य दुव्र्यवहार विरुद्ध शून्य सहनशीलता अपनाउन अभिप्रेरीत गर्ने । |
| ३. बालश्रम, बाल बिबाह, बाल | • सबै प्रकारका | १.बालबालिकको पुर्ण खोप |

| | | |
|---|---|---|
| यौनशोषण लागायत बालबालिका माथि हुने सबै प्रकारका बिभेद र शोषणको अन्त्य गर्ने। | बालबालिकाहरुको संरक्षण सुनिश्चित गर्ने । | सुनिश्चिताका लागि जनचेतनामूलक र प्रोत्साहनका कार्यक्रम संचालन गर्ने<br>२.बिभेद तथा वाल हिंसा बिरुद्ध शुन्य सहनशिलता अबलम्बन गर्ने।<br>३. सबै सार्वजनिक निकायहरुमा बालमैत्री संरचना निर्माणका लागि कार्यबिधि बनाई लागु गर्ने गराउने ।<br>४. वालअधिकारको वारेमा पालिका स्तरमा जनचेतना दिने । |

## ९. रणनीतिको कार्यान्वयनमा आउन सक्ने सम्भावित जोखिम तथा न्यूनीकरणका उपायहरुः

लैंङ्गिक समानता सम्बन्धी साझा बुझाईमा एकरुपता ल्याउन समय लाग्न सक्ने ।

लैंङ्गिक समानता नीति कार्यान्वयनमा आवश्यक आर्थिक स्रोत, ज्ञान , क्षमतावान र दक्ष जनशक्ति सिमित हुन सक्ने ।

बहुपक्षीय सरोकारको बिषय भएकोले सबै संग समन्वय र सहयोगमा समस्या हुन सक्ने ।

### ९,(क) उपर्युक्त जोखिम न्यूनीकरण लागि देहाय अनुसार गरिनेछः

- नीति कार्यान्वयनका स्रोत साधन र जिम्मेवार निकाय सहितको कार्यान्वयन कार्ययोजना तथा अनुगमन तथा मूल्यांकन योजना तर्जुमा गरिनेछ ।
- पालिका भित्र समन्वय संयन्त्र सम्पर्क विन्दूको व्यवस्था गरी क्षमता विकास गरिनेछ र लैंङ्गिक सवालहरु बारे ज्ञान दक्षता सहितको जनशक्ति परिचालन गरिनेछ ।
- लैससासको क्षेत्रमा कामगर्ने गैसस तथा अन्य निकायसंग समन्वय गरी स्रोत साधनको परिचालन गरिनेछ ।
- लैंङ्गिक समानताबारे पालिकामा विज्ञ, र व्यावसायिक दक्षता भएका व्यक्तिहरुको विचारक समूह निर्माण गरी समस्या समाधान गर्नुका साथै असल अभ्यासहरु अबलम्वन गरिनेछ ।

१०. .लैससास नीति कार्यानवयन को लागि कार्ययोजना: ........................................................................ ८:

| स.न. | कार्यक्रम | समयावधि | जिम्वेवार निकाय |
|---|---|---|---|
| १. | स्थानीयतहमा लैससासको मुलप्रवाहीकरणका लागि हाल विधमान ऐन, कानुन, नीति, मापदण्ड तथा कार्यविधीहरुको लैससासको दृष्टिकोणबाट पुनरावलोकन गर्ने । | पहिलो चौमासिक | महिला,बालवालिका तथा जेष्ठ नागरिक शाखा र सबै वडा कार्यालयहरु दोधाराचादनी नगरपालिका |
| २ | लैससासको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैंङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको आवश्यकताको क्षेत्र पहिचान | दोस्रो चौमासिक | महिला,बालवालिका तथा जेष्ठ नागरिक शाखा र सबै वडा कार्यालयहरु दोधाराचादनी |

| | | | |
|---|---|---|---|
| | गर्ने । | | नगरपालिका |
| ३ | पालिकाले बार्षिक,आवधिक योजना, कार्यक्रम, बजेट तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका ब्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको विभिन्न चरणमा प्रत्यक्ष तथा अर्थपुर्ण सहभागिता गराउने । | निरन्तर | महिला,बालवालिका तथा जेष्ठ नागरिक शाखा र सबै वडा कार्यालयहरु दोधाराचादनी नगरपालिका |
| ४. | पालिका क्षेत्रभित्र रहेका महिला, एकल महिला, अपाङ्ग, लगायत वञ्चित समूहलाई विशेष प्राथमिकताको आधारमा उद्यमशिलता मार्फत स्वरोजगार बनाई उनीहरुको जिविकोपार्जनमा सुधार गर्न आयआर्जन सम्बन्धी योजना तथा कार्यक्रममा बजेट सुनिश्चित गर्ने । | निरन्तर | महिला,बालवालिका तथा जेष्ठ नागरिक शाखा र सबै वडा कार्यालयहरु दोधाराचादनी नगरपालिका |
| ५. | लैंगिक हिंसा बिरुद्धका अभियानहरु संचालनका लागि सरोकारवाला बिच समन्वय र सहकार्य बिस्तार गर्ने । | निरन्तर | महिला,बालवालिका तथा जेष्ठ नागरिक शाखा र सबै वडा कार्यालयहरु दोधाराचादनी नगरपालिका |
| ६. | लैंगिक हिंसा बिरुद्धका कानुनी प्राबधानहरुको जानकारी र प्रभावकारी कार्यान्वयनका लागि सबै वडा तहमा कानुनी साक्षरता शिक्षा नियमित संचालन गर्ने । | निरन्तर | महिला,बालवालिका तथा जेष्ठ नागरिक शाखा र सबै वडा कार्यालयहरु दोधाराचादनी नगरपालिका |
| ७. | मानवअधिकार सम्वन्धि अन्तर्राष्ट्रिय कानून, सन्धी, महासन्धी र सम्झौताहरुको वारेमा पालिकाका जनप्रतिनिधि लगायत कर्मचारीहरुमा व्यापक जानकारी गराउने । | निरन्तर | महिला,बालवालिका तथा जेष्ठ नागरिक शाखा र सबै वडा कार्यालयहरु दोधाराचादनी नगरपालिका |
| ८ | महिला, बालबालिका र मानवअधिकार सम्वन्धी निर्माण गरिएका राष्ट्रिय कानूनहरु र नेपाल सरकारद्धारा विभिन्न समयमा प्रतिबद्धता जनाएका मानवअधिकार, CEDAW, CRC, BPFA लगायतका अन्तराष्ट्रिय सन्धी, महासन्धी र घोषणापत्रका बारेमा वडा तथा समुदाय तहमा सचेतनामुलक अभियानका कार्यक्रमहरु सञ्चालन गर्ने | निरन्तर | महिला,बालवालिका तथा जेष्ठ नागरिक शाखा र सबै वडा कार्यालयहरु दोधाराचादनी नगरपालिका |
| ९ | संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदबाट पारित गरिएको प्रस्ताव नं . सम्वन्धी विषयमा जनप्रतिनिधि लगायत सबै १८२०र १३२५ कर्मचारीहरु र समुदायस्तरमा अभिमूखीकरण गर्ने। | निरन्तर | महिला,बालवालिका तथा जेष्ठ नागरिक शाखा र सबै वडा कार्यालयहरु दोधाराचादनी नगरपालिका |
| १० | कार्यस्थलमा हुने यौनजन्य दुव्र्यवहार ऐन (निवारण), २०७१ मा भएका प्रावधानहरुको बारेमा पालिकाका जनप्रतिनिधि लगायत कर्मचारी तहमा व्यापक जानकारी गराई यौनजन्य दुव्र्यवहार | निरन्तर | महिला,बालवालिका तथा जेष्ठ नागरिक शाखा र सबै वडा कार्यालयहरु दोधाराचादनी |

| | | | |
|---|---|---|---|
| | विरुद्ध शून्य सहनशीलता अपनाउन अभिप्रेरीत गर्ने । | | नगरपालिका |
| ११ | सबै सार्वजनिक निकायहरुमा बालमैत्री संरचना निर्माणका लागि कार्यविधि बनाई लागु गर्ने गराउने । | निरन्तर | महिला,बालवालिका तथा जेष्ठ नागरिक शाखा र सबै वडा कार्यालयहरु दोधाराचादनी नगरपालिका |

## ११. लैंङ्गिक समानता सामाजिक समावेशीकरण रणनीति अनुगमन तथा निर्देशन समिति कार्यान्वयन समितिः

यस दोधारा चादनी नगरपालिकाका सबै वडाहरुमा नीति कार्यान्वयनलाई प्रभावकारी बनाउन, लैंङ्गिक समानता सामाजिक समावेशीकरण रणनीति अनुगमन तथा निर्देशन समिति रहने छ र समितिले आवश्यकता अनुसार नीति कार्यान्वयन तथा अनुगमन उपसमिति र अन्य उपसमितिहरू गठन गरी जिम्मेवारी दिन सक्नेछः-

१. नगरप्रमुख - संयोजक

२ .नगर उप प्रमुख - सह-संयोजक

३. प्रमुख प्रशासकीय अधिकृत– सदस्य

४ .सामाजिक विकास समितिका संयोजक– सदस्य

५.गैसस मध्येबाट संयोजकले तोकेको एक जना महिला -सदस्य

६. महिला,वालवालिका तथा जेष्ठ नागरिक शाखा - सदस्य सचिव

## अनुसूची

### (क) लैससास सम्बधी परिभाषाः

**१.लैससास भन्नालेः** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्झनु पर्दछ.

लैङ्गिक समानता **तथा सामाजिक समावेशीकरण भन्नाले** :महिला, पुरुष वा लैंगिक तथा योनिक अल्पसंख्यक र बिभिन्न सामाजिक समूहहरु बिचको असमान सक्ति सम्बन्धलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिँचान भएका ब्यक्तिहरुका लागि समान अधिकार, अवसर एबं सम्मान सुनिश्चित गर्नका लागि गरिने प्रयासलाई सम्झनु पर्दछ ।

३. लैंङ्गिक मूलप्रबाहीकरण **(Gender Mainstreaming) भन्नाले:-** गाउँपालिकाको बिद्यमान संरचनाहरु र सबै विषयगत क्षेत्रका कानुन, नीति, कार्यक्रम तथा योजना तर्जुमाका हरेक चरणमा लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने स्थितिलाइ नै लैङ्गिक मूलप्रवाहीकरण जनाउछ ।

४. **लैङ्गिक समानता (Gender Equality) भन्नालेः** समाज तथा राज्यको सबै अंग, तह र क्षेत्रमा महिला, पुरुष वा लैंगिक तथा योनिक अल्पसंख्यक बीच समान अवसर र समान लाभ हासिल गर्ने अवस्था वा वातावरणलाई जनाउछ ।

५. लैङ्गिक समता **(Gender Equity) भन्नालेः** अवसर र न्यायबाट बञ्चित महिला, पुरुष वा यौनिक तथा अल्पसंख्यक ब्यक्तिलाई समानतामा पुरयाउन अवलम्बन गरिने सकारात्मक बिभेद वा बिशेष प्रयासलाई सम्झनु पर्दछ ।

६. **सामाजिक समाबेशीकरण (Social Inclusion)** भन्नाले समाजमा पछाडी पारिएका लिङ्ग, वर्ग, जातजाती, समुदाय लगायत वञ्चित वर्ग समुदायलाई विकासका अवसरमा प्रत्यक्ष सहभागी गराई सार्वजनिक सेवा, स्रोत, सुविधामा पहुँच बृद्धि गर्नुलाई सम्झनु पर्दछ ।

७. सामाजिक बञ्चितिकरण **(Social Exclusion)** भन्नाले लैंगिकता, जात, जाती, धर्म, क्षेत्र, अपाङ्गता आदीको आधारमा व्यक्ति, वर्ग वा समुदायलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पाखा वा किनारा लगाई आफ्नो क्षमता अनुसार सहभागी हुने अवसर र त्यस्तो अवसरबाट प्राप्त हुन सक्ने लाभ र प्रतिफलबाट वञ्चित गराइनु हो ।

८. **बञ्चित समूह भन्नाले:** लामो समय देखि आर्थिक, सामाजिक र भौगोलिक कारणले पछाडी पारिएका महिला, दलित, जनाजाती, जेष्ठ नागरीक, अति बिपन्न, दुर्गम बस्तीमा बसोबास गर्ने व्यक्ति वा समुदाय सम्झनु पर्दछ ।

९. लैंङ्गिक संबेदनशिल **(Gender Sensetive)** : सेवा प्रबाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला पुरुष र तेस्रो लिङ्गीहरुका विशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरुको सन्तुलित बिकास, सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भीर हुनुलाई सम्झनु पर्दछ ।

१०. **लैंङ्गिकता (Gender)** भन्नाले कुनै पनि मानिस लिंगको आधारमा महिला वा पुरुष वा यौनिक तथा लैंगिक अल्पसंख्यक भएकै कारण समाजद्धारा उनीहरुलाई दिइने बिभेदपुर्ण कामको भूमिका, उनीहरु प्रति गर्ने बिभेदपुर्ण सामाजिक ब्यबहार र उनीहरुलाई हेर्न असमान दृष्टिकोण लाई जनाउछ ।

११. लैंगिकमैत्री **(Gender Friendly)** : समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला, पुरुष वा यौनिक तथा लैंगिक अल्पसंख्यकका बिशेष आबश्यकताहरु सम्बोधनका लागि गरिने प्राथमिकपुर्ण ब्यबहारलाई सम्झनु पर्दछ ।

## (ख) कार्यदलको नामावली:

### तर्जुमा गर्न तपसिल बमोजिमको कार्यदल गठन गरिएको थियो :-

(१) संयोजक- डम्मरा पन्त , महिला तथा वालवालिका शाखा
(२) सदस्य —डम्बरध्वज अवस्थी, प्रशासन शाखा
(३) सदस्य — हरिदत्त जोशी ,शिक्षा शाखा
(४) सदस्य — सुरेश सिंह साउद , सूचना प्रबिधि शाखा
(५) सदस्य — यज्ञराज लेखक ,आर्थिक प्रशासन
(६) सदस्य — भानदेव भट्ट, योजना शाखा
(७) सदस्य — जयबहादुर महरा , स्वास्थ्य शाखा
(८) सदस्य — नन्दराज भट्ट, पशु विकास शाखा
(९) सदस्य — रघुनाथ भट्ट, विपद व्यवस्थापन शाखा
(१०) सदस्य — आनन्द प्रसाद भट्ट , जिन्सी शाखा
(११) सदस्य — कमलापति भट्ट , कृषि विकास शाखा
(१२) सदस्य — टेकबहादुर रावत , पंजीकरण शाखा

## २.लैससास नीति तर्जुमाको फोटोहरु










